# (मौसम विशेष कृषि जानकारी)

१.धान खेत, तरकारी तथा फलफूल बगैंचामा पानीको निकास राम्रोसँग गर्नुहोस्। खेतको गराको विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्नुहोस्।

२.नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकेको ३-४ दिनपछि मात्र धान काट्नुहोस्।

३. धान काट्नै पर्ने भएमा उपलब्ध मेसिनहरु प्रयोग गरि काट्नुहोस् र खेतमा नछोडी भित्र्याउनुहोस्। चुटिसकेको धानलाई हावा आउने ठाउँमा फिजाई पंखाको सहयोगले हावा दिई बेला बेला धानलाई चलाई छिटो सुकाउने प्रवन्ध गर्नुहोस्।

४. हावाहुरीबाट यस अघि नै लडेको धानको बालालाई सक्दो चाँडै काटेर, थ्रेश गरी र दाना सुकाई बिक्रि गर्नुहोस्।

५. लडेको धानको बोटलाई बाँधेर खडा गर्नुहोस्। बाँसको खम्बा गाडी त्यस माथि भिजेको धानको बाला सुकाउनुहोस्।

६. भिजेको धानलाई मिलसँग समन्वय गरी बिक्रि गर्नुपर्ने वा उसिना चामल बनाउने वा चिउरा, भुजामा प्रयोग गर्नुहोस्।

७. वर्षा नरोकिंदा सम्म तरकारीको नर्सरी ब्याड नराखुहोस्। यदि राखि सक्नुभएको छ भने पानी निकासको उचित व्यवस्था गर्नुका साथै प्लाष्टिकले ढाक्नुहोस्।

८. पानी परेको समयमा रासायनिक मलको प्रयोग नगर्नुहोस् साथै, विषादी नछर्कनुहोस्।

कृषि विकास निर्देशनालय

कोशी प्रदेश, विराटनगर